जननिर्वाचित जनप्रतिनिधीज्यूहरुको निर्वाचनपछिको मंगलसेन नगर कार्यपालिकाको २०७५/०३/०९ बैठक बाट पारित

# मंगलसेन नगरपालिकाकोआ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम

**मंगलसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मंगलसेन, अछाम**
**७ नम्वर प्रदेश नेपाल**

# **मंगलसेन नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम , २०७५**

**पृष्ठभुमी**

**कृषी,स्वास्थ्य, शिक्षा र घर घरमा धारा, नमुना नगर बनाउन जुटौं नगरबासी सारा** भन्ने मुल नारालाइ साकार पार्न मंगलसेन नगरपालिकाले आर्थिक बर्ष २०७५/०७६ मा जनताका आधारभुत आवश्यक्ता परिपुर्ति क्रमशः गर्दै लैजाने निती अनूरुप देहाय अनुसारको क्षेत्रगत र समिष्टगत बार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

## (१०) आर्थिक विकास

### उप क्षेत्र (१०१०) कृषि

1) मंगलसेन नगरका हेरक टोलटोलमा उत्पादन बृद्धिगर्न विषेश कार्यक्रम सचालन र बजारीकरण को नीति अबलम्बन गरिनेछ ।
2) नगरका सवै वडामा कृषि उपज संकलन र मंगलसेनमा हाटबजारको विकास र विस्तार गर्दै कृषि तथा पशुजन्य उत्पादन प्रवर्द्धन गरी एक वडा एक उत्पादन कार्यक्रमलाई प्रोत्साहन गरी कार्यक्रम लागु गरिनेछ ।
3) "**किसानको मुहारमा मुस्कान, आधुनिकीकरण र प्रविधिकरणको अभियान**"अन्तर्गत आधुनिक प्रविधियुक्त कृषि कार्यक्रमलाई प्रोत्साहित गरिनेछ, पशुपन्छी र कृषिमा आत्मनिर्भर हुने खालका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
4) व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुर्‍याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।
5) खाद्य शिक्षा कार्यक्रम स्थानीय बालीहरुको उत्पादनमा प्राथमिकता दिईनेछ (जस्तो कोदो, फाँपर, कागुनु, आलु पिडालु आदि)
6) "शुन्य बाँझो खेतीयोग्य जमिन मंगलसेन नगरपालिकाको स्वाभिमान" क्रमशः संचालन गरि बाँझो जग्गा राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।
7) युवालाई कृषि जन्य एवं पशुजन्य क्षेत्रमा स्वरोजगारमुलक कार्यक्रम तथा व्यवसायका लागि विउपूँजी घुम्ती कोषको स्थापना गरी लगानी गरिनेछ ।
8) कृषि र पशु पालनको क्षेत्रमा नमुनाको रुपमा काम गर्ने कृषकलाई प्रोत्साहन स्वरुप पुरस्कार र सम्मान र सहयोग गर्ने नीति लिईनेछ।
9) समाजमा रहेको पुरातनबादी चिन्तन र निर्वाह मुखी कृषी ब्यबसायलाइ परिवर्तनकारी सकारात्मक सोच र ब्यबहारमा रुपान्तरण गर्न कार्यक्रम सचालन गरिने छ ।
10) कृषी बाली तथा पशु बिमा कार्यक्रम सञ्चालनका लागी पहल गरिनेछ ।

### (१०२०) उद्योग तथा बाणिज्य

१( नगरपालिका क्षेत्रभित्र जडिबुटि सम्भावनाको खोजी गरि जडिबुटि खेतिको विकास गरी प्रशोधनकेन्द्रको स्थापनाका लागि सम्वन्धित निकायसँग समन्वय गरीनेछ ।

२( नगरक्षेत्र भित्र उपयुक्त वातावरण भएको स्थानलाई उद्योग क्षेत्रको रुपमा स्थापना गर्ने नीति लिईनेछ।

३( घरेलु तथा साना उद्योग विकास र प्रवर्द्धनमा जोड दिई **युवाको लक्ष्य, सीप र दक्षृ** भन्ने अभियानलाई प्रोत्साहित गर्नका लागी विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ ।

४( स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।

**(१०३०) पर्यटन**

१( आन्तरीक र बाह्य पर्यटक भित्र्याउन नगरक्षेत्रका पर्यटकीय सम्भाव्य स्थलहरुको थप पहिचान, संरक्षण र विकास गरी **" चित्रे दोभान, सुरइकोट, मालिका, जाजरकोट, धुरेला, जेरेकोट, अयारको बण्ड, कोकिलादेवी, कैलाश मुठ आदिलाइ " धार्मिक तथा पर्यटकिय क्षेत्रको रुपमा विकास** गरिनेछ ।

२( मंगलसेन सहित अन्य पर्यटकीय स्थानको पूर्वाधार निर्माण गरी प्राचिन सँस्कृतिको अध्ययन केन्द्र, मनोरञ्जनात्मक वातावरणको विकास गरिनेछ।

३( पर्यटन उद्योगलाई व्यवसायिक रुपमा विकास गरी त्यसलाई टेवा पुगाउने खालका कार्यक्रम संचालन गरिनेछन ।

४( मंगलसेनको मुटुमा रहेका एतिहासिक मंगलसेन दरबारलाई यथासिघ्र पुर्ननिमाण सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरी संग्राहलयको रुपमा बिकास गरिनेछ ।

**(१०४०) सहकारी**

१( नगरक्षेत्रभित्र संचालनमा रहेका सहकारीहरुलाई उद्देश्य अनुरुप संचालन गर्न नीति तर्जुमा गरी नियमन गरिनेछ।

२( नीजि क्षेत्र, सहकारी क्षेत्र, सार्वजनिक क्षेत्र विच सहकार्यको आधारमा विकासका कार्यक्रमहरु संचालन गरिनेछन ।

**(१०५०) बित्तीय**

१– बैक तथा वित्तीय संस्थाहरुलाई आर्थिक समृद्धिको क्षेत्र तथा युवा स्वरोजारमुलक कार्यमा लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

## (२०) सामाजिक विकास

**(२०१०) शिक्षा**

१( मौजुदा विद्यालयहरुलाई प्राविधिक शिक्षा संचालन गर्नका लागि प्रोत्साहन गरिने तथा प्राविधिक शिक्षा स्थापना र संचालनका लागि सहयोग गर्ने नीति लिईनेछ ।

२( नगरक्षेत्रका सम्पूर्ण विद्यालयहरुमा चालु आ.व.मा कक्षा १ देखि क्रमश: अँग्रेजी माध्यमबाट पठनपाठन गर्न प्रोत्साहन र सहयोग गरिनेछ ।

३( नगरक्षेत्रका शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रम संचालन गरी बालमैत्री विद्यालयको रुपमा विकास गरिनेछ।

४( नगरभित्र शिक्षा समिति, शिक्षा शाखाको क्षमता विकास गरी व्यवस्थित शिक्षा क्षेत्रको नियमनका लागी आधुनिक संचार प्रविधीको प्रयोग गरिनेछ।

५( मंगलसेन नगरपालिका भित्रका विद्यालयहरुको गुणस्तर वृद्धि गर्न तालिमको व्यवस्था, पुरस्कार र दण्डको नीति सहित आवश्यकता र मापदण्ड बमोजिम विद्यालय स्थापना र गाभ्ने नीति लिईनेछ।

६( सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापनका लागि विशेष खालका कार्यक्रम संचालन गरिनेछन।

७( "**सवैका लागि जीवनोपयोगी शिक्षा** " भन्ने नारालाई मूर्तरुप दिन बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

८( "**आफु जहाँ आफ्ना तहाँ**" कार्यक्रम अन्तर्गत जनप्रतिनिधी, सरकारी तथा गैससमा कार्यरत कर्मचारीहरुका बालबालिकाहरुलाई सरकारी विद्यालयमा पठनपाठनको बातावरण सृजना गरिनेछ

९( गुण्स्तरिय र नतिजामुलक शिक्षा बिकासका लागी नगरस्तरिय शिक्षा नियमन र सञ्चालका लागी नगरस्तरिय परीक्षा सञ्चालन तथा ब्यवस्थापन गरिनेछ ।

१०( नगरक्षेत्रका सम्पुर्ण बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न अनिवार्य निशुल्क शिक्षाका लागी औचित्य र आवश्यकताको आधारमा विध्यालय अनुदानको ब्यवस्था गरिनेछ ।

११( नगरक्षेत्र भित्रका प्रारम्भिक बालशिक्षा केन्द्रलाई उचित ब्यवस्थापन गरी सञ्चालन गरिनेछ ।

१२( नगरक्षेत्र भित्रक सामुदायिक सिकाई केन्द्रको क्षमता बिकास गरिनेछ ।

१३( नगर क्षेत्र भित्र प्राविधिक शिक्षाको जनशक्ति विकासकालागी छात्रबृति कोषको स्थापना गरिने छ।

**(२०२०) स्वास्थ्य**

**१**( "एक **घर एक करेशाबारी**, **पोषणयुक्त नगरबासी**" भन्ने नारालाई सफल बनाउन बहुक्षेत्रीय पोषण योजनालाई लागु गरि नगरलाई पोषणयुक्त नगर बनाईनेछ ।

२( आधारभुत स्वास्थ्य सेवालाई सबै नागरिकको सहज पँहुचयोग्य र गुणस्तरिय बनाउन अनुगमन, नियमन र ब्यवस्थापन गरिनेछ ।

३( स्वास्थ्य र सरसफाई सम्वन्धी जनचेतना अभिबृद्धि गरी ज्क्ष्खरब्क्ष्म्ब लागु पदार्थ ओसारपसार तथा दुर्व्यसनी नियन्त्रणका लागि बिभिन्न संस्थाको सहयोग, समन्वय र साझेदारी गर्ने नीति अवलम्वन गरिनेछ ।

४( स्वास्थ्य बिमालाई थप प्रभावकारी बनाइनेछ ।

५( आयुर्वेद र योग शिक्षा मार्फत स्वस्थ नागरिक निर्माणका लागी पहल गरिनेछ ।

**(२०३०) खानेपानी तथा सरसफाई**

१( प्रत्येक वडाका सडक, खानेपानी, सिचाई, फोहर व्यवस्थापनका लागि बहुउद्देश्यीय ढल निर्माण तथा सम्भारका लागि स्थानीय **टोल विकास** समितिलाई सक्रिय तथा जिम्मेवार वनाईने र "**एक घर एक धारा अभियान**" लाई कार्यान्वयन गरिनेछ ।

२( नगरक्षेत्र भित्रका खानेपानीका मुल लगाएताका प्राकृतिक सम्पदाहरुलाई संरक्षण र सम्बर्धन गरी सार्वजनिक उपयोग गर्ने र ब्यक्तिगत एकाधिकारलाई निरुत्साहित गरिनेछ ।

३( सदरमुकाम मंगलसेनको बजार क्षेत्रको खानेपानीलाई ब्यवस्थित गरिनेछ ।

४( नगरक्षेत्रमा प्लाष्टिकको प्रयोगलाई निरुत्साहन गर्ने नीति लिइनेछ ।

५( फोहरलाई उचित ब्यवस्थापन गर्दै पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने कार्य अगाडि बढाईनेछ।

६( सिसा बोतल र जथाभावी फोहरमैला गर्ने जोसुकैलाई कानुनको दायरामा ल्याइनेछ ।

७( नगरक्षेत्रमा रहेका परम्परागत धारा, कुवा, इनारहरुको संरक्षण गरिनेछ ।

८( ल्याडफिल साइडलाइ ब्यबस्थित गरिने छ ।

**(२०४०) सँस्कृति प्रवर्द्धन**

१( मंगलसेन नगरपालिका क्षेत्रभित्र मनाईने कला, सँस्कृति र स्थानीय चाँडपर्वलाई समयानुकुल व्यवस्थित रुपमा मनाउने, विकास र संरक्षण गरिनेछ।

**२**( नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाको नियमानुसार संरक्षण गर्ने नीति लिईनेछ (जस्तो मन्दिर, माडु, गुठी, खुल्ला चौरहरु आदि)

**(२०५०) खेलकुद तथा मनोरञ्जन**

१( खेलकुदको समुचित विकास गर्ने नगर खेलकुद समिति निर्माण गरी उपयुक्त स्थानमा खेलकुद पूर्वाधारको बिकास गरिनेछ,

२( नगर प्रमुख खेलकुद प्रतियोगिताहरु, अन्तर नगर स्तरीय खेलकुद प्रतियोगिताहरुको आयोजना गरिनेछ ।

३( पुरानो कारगार रहेको क्षेत्रलाइ नगरपालिकामा हस्तान्तरणको पहल गरि खेलकुद मैदान र बहउद्देश्यीय कर्वडहलको रुपमा विकास गरिनेछ ।

४( नगरपालिका क्षेत्र भित्र उपयुक्त ठाउंको खोजी गरि क्रिकेट खेल मैदानको पुर्वाधार विकास गरिनेछ ।

**(२०६०) लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण**

१( छुवाछुत मुक्त अभियान कार्यक्रमहरु संचालन गरिने छ।

२( बालबालिकाहरुको सर्वागिंङ विकासका लागि प्रतियोगितात्मक, मनोरञ्नात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

३( बालमैत्री स्थानीय शासन अनुरुपका विविध कार्यक्रमहरु संचालन गरि वडा तथा नगरलाई बालमैत्री नगर बनाउने र यसरी वडा घोषणा गर्ने वडाहरुलाई नगरपालिकाबाट १ लाख पुरस्कारबापत वडालाई थप बजेटको व्यवस्था गरिनेछ ।

४( महिनावारी ब्यवस्थापन अभियानलाई सफल पार्न चेतना र शिक्षाका माध्यमबाट सामाजिक अपराधको रुपमा लिई गोठमुक्त नगर निर्माणका लागि कार्यक्रम सचालन गरिनेछ।

५( फरक क्षमता भएका नागरिकहरुका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछन ।

६( मदिरा तथा सुर्तिजन्य पदार्थको विक्रीवितरणलाइ व्यवस्थापन गरिनेछ ।

७( बालविवाह उन्मुलनकालागी अभियान संचालन गरिने छ ।

८( जोखिमा रहेका बालबालिकाको संरक्षण प्रणालीको विकास गरिने छ ।

९( सवै वडाको सामाजिक सुरक्षा भत्तालाई बैक मार्फत घर टोलमै वितरणको ब्यबस्था मिलाइने छ ।

१०( लैङ्गिक हिन्सामुक्त नगर घोषणाका लागि बिभिन्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ ।

११( महिला, दलित, अल्पसंख्यक, फरक क्षमता भएका ब्यत्ति लगाएतका लक्षित वर्गको क्षमता बिकासका लागी सिपमुलक , आयमुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२( एक सिप एक ब्यक्ति, टोल टोलका दक्ष जनशत्ति कार्यक्रम अन्तर्गत युवाहरुलाई स्वरोजगार बनाउन पलम्बिङ, वाइरिङ ,टेलरिङ, कपाल कटिङ, मोबाइल मर्मत, आरन, सिकर्मी ,डकर्मी लगाएतका तालीम कार्यक्रम सञ्चालन गरी युवाहरु लाई दक्ष र स्वरोजगार बनाइनेछ ।

१३( बादी समुदायको संरक्षणका लागी सिप र घरवासको कार्यक्रम सम्बन्धित निकायसंग समन्वय गरी सञ्चालन गरिनेछ ।

**१४( ३०) पूर्वाधार विकास**

**(३०१०) स्थानीय सडक पुल तथा झोपु**

१( नगरकेन्द्रबाट वडाकेन्द्रमा सडक पुऱ्याउने, सडक पुगेका स्थानमा बाहै महिनामा सडक संचालन गर्ने र सडकको स्तरउन्नती गर्दै सवै टोल बस्तीहरुलाई सडक सञ्जालसँग जोडिनेछ ।

२( मगलसेन बजारको विद्युत तथा टेलीफोन तारहरुलाई व्यवस्थित गर्न सडक, विद्युत, खानेपानी, संचारको लागि **एकीकृत योजना** तयार गर्न लगाई व्यवस्थापन गरिनेछ ।

३( नगरका सबै वडा तथा टोलहरुमा विधुत र सञ्चार विस्तार गरिनेछ ।

४( नगर तथा ग्रामीण यातायातलाई व्यवस्थित बनाईनेछ साथै मापदण्ड तोकी रुट परमिटको व्यवस्था गरिनेछ ।

९( वडा कार्यालयको भवन नभएको सवै वडाकेन्द्रमा निस्शुल्क जग्गा प्राप्तिका आधारमा क्रमशः वडा कार्यालयको भवन निर्माणको शुरुवात गरिनेछ ।

१०( नगरक्षेत्र भित्रका पूर्वाधार निर्माण गर्दा नगरस्तरीय, प्रदेश र संघ स्तरीय योजना छनौट गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

११( सानातिना भैपरीआउने पूर्वाधार निर्माण गर्नका लागि पूँजीगत बजेटबाट मर्मतसम्भार कोषमा रकम बिनियोजित गरिनेछ ।

१२( यस नगरपालिकाले आगामी आ.व.मा सवै वडा केन्द्रहरुमा सडक संजाल जोड्ने र सडकसंजालसँग जोडिएका वडाहरुमा बाहै महिना सवारीसाधान चल्नसक्ने सडक ९वी धभबतजभच च्यबम० बनाउन मर्मत सम्भार कोष कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

१३( हाल संचालनमा रहेका झोलुगेंपुलहरुको संरक्षण गरी नयाँ झोलुङ्गेपुलहरु आवश्यकता र सम्भाव्यताका आधारमा क्रमश: निर्माण गरिनेछन ।

**(३०२०) सिचाई**

१( मंगलसेन नगरको खेतीयोग्य जमिनमा सिचाई सुविधाका लागि सम्भाव्यता र लागत लाभका आधारमा सिचाई कुलो निर्माण गरिनेछ ।

२( "एक टोल एक सिंचाइ पोखरी, कृषि उत्पादनमा आत्म निर्भर र रोजगारी" कार्यक्रमको थालनी गरिने छ ।

**(३०३०) भवन तथा सहरी विकास**

१( मगलसेन नगरक्षेत्रमा चालु आर्थिक वर्ष देखि **सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२, राष्ट्रीय भवन संहिता र नगरपालिको भवन मापदण्ड २०७५** लाई ब्यक्तिगत, सरकारी तथा गैरसरकारी संस्थाका भवन निर्माणमा लागु गरिने छ ।

**(३०४०) उर्जा, लघु जलविद्युत तथा साना जलविद्युत (बैकल्पिक उर्जा)**

१( लोडसेडिङलाई हटाउन तथा बिद्युत विक्री गरी नगरपालिकाको आम्दानी बृद्धि गर्नका लागि सम्भाव्यता अध्ययन गराई थप विद्युत उत्पादनका लागि लगानी गरिनेछ।

२( बैकल्पिक उर्जाको रुपमा सौर्य र वायू उर्जालाई प्रयोग गरी आवश्यकता अनुसार सडक बत्तीको ब्यबस्था गरिनेछ ।

**(३०५०) संचार**

१( मंगलसेन नगरक्षेत्रभित्रका सवै स्थानहरुमा टेलीफोन तथा वडा केन्द्रहरुमा ईमेल ईन्टरनेट संचालनका लागि टेलीकम सेवा प्रदायकसँग समन्वय गरी टावर निर्माण तथा सेवाका लागि पहल गरिनेछ।

२( मंगलसेन नगर क्षेत्रमा रहेको संचार माध्यमहरुलाई प्रवद्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिने छ ।

## (४०) वातावरण तथा विपद् व्यवस्थापन

**(४०१०) वन तथा भू-संरक्षण**

१( **सफा र हरियाली नगरपालिका** निर्माणका लागि हरित सडक निर्माण, अमृसो, डालेघांस, बाँस, निगालो रोपण अभियान सहित विभिन्न प्रजातीका विरुवाको बृक्षारोपण गरी वन जंगल संरक्षण गर्ने निती लिइने छ।

२( वातावरण संरक्षणका लागि सरोकारवाला निकायहरु सँग समन्वय गरी "एक वडा, एक उद्धान" कार्यक्रम संचालन गरिने छ।

३( नगरपालिका क्षेत्रभित्र संचालित ठूला आयोजनाहरुको निर्माणमा वातावरणीय प्रभाव मूल्याङ्कन अवलम्वन गर्दै लगिनेछ।

४( सामुदायिक, निजी, धार्मिक र कवुलियति बनलाई कानून र मापदण्ड बनाई ब्यबस्थित गरिने छ ।

**(४०२०) जलाधार संरक्षण**

१- नगर क्षेत्रमा जलाधार संरक्षणको लागी संभाब्यता अध्ययन र आवश्यक नीति तर्जुमा गरिने छ ।

**(४०३०) वातावरण संरक्षण**

१( वातावरण संरक्षणकालागी जलबायू परिवर्तन अनुकुलनका कार्यक्रम, वन तथा वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ ।

२( सामुदायिक वन, कबुलियती वन निजी वन धार्मिक वन, सामुदायिक संघ संस्था सवैलाइ नगरपालिकामा अनिवार्य दर्ता हुनु पर्ने ब्यवस्था गरिनेछ ।

**(४०४०) फोहरमैला तथा ढल ब्यवस्थापन**

१( मगलसेन बजार सहित हालका बजारहरुलाई क्रमश: सुधार गरी मापदण्ड बमोजिम सडक, ढल तथा नाला र खानेपानीका पाईपहरुलाई व्यवस्थित गरिनेछ ।

२( नयाँ बजार र नयाँ बस्ती विकासका लागि संम्भाब्यता अध्ययन गरि एकीकृत बस्ती विकासको कार्यक्रम संचालन गरिनेछ ।

३( मंगलसेन नगरपालिकाको बजार क्षेत्रबाट निस्कने फोहरबाट आधुनिक प्रविधि अपनाई बहुउपयोगी वनाउनका लागि सो सम्वन्धी अध्ययन गरी कार्य अगाडि बढाईने छ र सोही बमोजिम कार्यक्रम तर्जुमा गरी वैज्ञानिक ल्याण्डफिलसाईटको व्यवस्था गरिनेछ ।

**(४०५०) जलउत्पन्न प्रकोप नियन्त्रण**

१( बाढी र पहिरोबाट धन जनको क्षति हुने क्षेत्रको पहिचान गरि क्षतिको न्यूनिकरणका कार्यहरु संचालन गरिने छ ।

**(४०६०) विपद व्यवस्थापन**

१( नगरक्षेत्रभित्र हुने बाढी, पहिरो, आगलागी, भूकम्प, असिना, सुक्खाखडेरी जस्ता प्राकृतिक विपती र अन्य कृतिम विपत्तीबाट उद्धार गरी तुरुन्त राहत कार्य गर्न नगरपालिका, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाईटी, नेपाली सेनासँग समन्वय गरी तुरुन्त उद्धार, प्राथमिक राहत र दीर्घकालिन योजना बनाउन नगरस्तरीय विपद व्यवस्थापन योजना तर्जुमा गरिनेछ।

२( विपद ब्यबस्थापन कोषमा प्रयाप्त रकम विनियोजन तथा विपद कोष संचालन कार्यविधी बनाइ कोषलाइ प्रभावकारी ढंगवाट परिचालन गरिने छ ।

## (५०) संस्थागत विकास, सेवा प्रबाह र सुशासन

**(५०१०) सामान्य सेवा**

१( नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा ऋजबष्ल या ऋफक्बलम, सेवाग्राहीप्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरी लागु गरिनेछ ।

२( नगरपालिकाको आर्थिक कारोबारोलाइ चुस्त दुरुस्त पारदर्शि पार्न चालु आ.ब.मा नै शूरु गरिएको अनलाइन लेखा प्रणाली ९शुत्र० लाइ निरन्तरता दिइने छ ।

३( आगामी आ.ब. ०७५/०७६ को श्राबण महिना देखी नै नगरपालिकाको कार्यालय, सम्पुर्ण विद्यालयहरु र स्वास्थ्य संस्थामाहरुमा ई हाजिरीको ब्यस्था गरिने छ ।

४( नगरपालिकाको व्यवस्थित विकासको लागि सल्लाहकारी र विषयविज्ञ सल्लाह दिने र नगरक्षेत्रको समुचित विकास र समृद्ध मंगलसेन नगरका लागि आवश्यक जनशक्ति प्रचलित कानुन बमोजिम नियुक्ती तथा मनोनयन गरिनेछ ।

५( कर्मचारीहरुलाई नगरपालिकाले तयार गरेको क्षमता विकास योजना बमोजिम समय सापेक्ष विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ।

६( नगरपालिकाका शाखा प्रमुखहरुसँग कार्यसम्पादन करार गरी काम गर्ने कार्यको थालनी गरिनेछ।

७( कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ठ काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्ने नीति लिईनेछ।

८( नगरपालिकाको बजार क्षेत्रको सरसफाई गर्ने कार्यलाइ प्राथिमकता दिइने छ।

९( नगरसभा संचालन कार्यविधि २०७४ मा उल्लेखित मर्यादापालन सम्वन्धी विविध विषयहरुलाई कडाईकासाथ पालनामा जोड दिईनेछ ।

१०( जननिर्वाचित प्रतिनिधीहरुका लागि तयार गरिएको आचारसंहितालाई लागु गरिनेछ।

११( नगरकार्यपालिकाको बैठक संचालन सम्वन्धी कार्यविधिलाई पालनामा जोड दिईनेछ।

१२( नगरक्षेत्रका दुर्गम बस्तीमा सम्बन्धित निकायसंग समन्वय गरि एकिकृत नगर घुम्ती सेवा मार्फत सहज सेवा प्रवाह गरिनेछ ।

**(५०२०) सुरक्षा व्यवस्थापन**

१( **ज्यानको सुरक्षा**, **धनको रक्षा** अभियान मार्फत मदिरा र सुर्तीजन्य पदार्थको नियमन गरिनेछ ।

२( आवश्यकता अनुसार नगरप्रहरीको ब्यबस्था गरि संघीय प्रहरी, प्रादेशिक प्रहरीसँग समन्वय गरी शान्ती सुरक्षा र कानुनी नगरको रुपमा विकास गरिनेछ।

३( नगरपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको समुचित संरक्षणको व्यवस्था गरिनेछ

४( नगरका विभिन्न आवश्यक क्षेत्रहरुमा प्रहरी चौकीको स्थापनाका लागी पहल गरिनेछ ।

**(५०३०) सूचना प्रविधि**

१( दुरसंचार प्रणालीलाई सवै वडामा सर्वसुलभ बनाउन पहल गरिनेछ। क्ष्ऋत(क्ष्लायचकबतष्यल ऋफगलष्अबतष्यल त्भअजलयियनथ०प्रणालीलाई आधुनिक उपकरणको प्रयोग गरी क्रमश प्रत्येक नागरिकलाई सुसुचित गरिनेछ।

२( नगरपालिकाबाट संचालित विबिध कार्यक्रम, सेवा प्रबाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जबाफदेहितामा अभिवृद्धि गरिनेछ।

३( सूचना माग्ने र पाउने आम नागरिकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभूति गर्न नगरपालिकाले आफ्ना गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

४( स्थानीय पत्रीका, एफ एम रेडियो मार्फत नगरका गतिविधिहरु आवश्यकता अनुसार प्रकाशन र प्रशारण गरिनेछ।

५( नगरपालिकामा सुचना केन्द्र स्थापना गरिने छ ।

६( खोजमुलक र अनुसन्धानमुलक पत्रकारितालाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

७( यस नगरपालिका क्षेत्रभित्र मनोरञ्नात्मक पार्क, उद्यान, पुस्तकालय, फोहरमैला व्यवस्थापन, हाटवजार संचालन जस्ता कार्यका लागि सार्वजनिक नीजी साझेदारी मोडलमा काम गर्ने परिपाटीको विकास गरिनेछ । यसका लागि उद्योग बाणिज्य संघ लगायत अन्य सरोकारवाला निकायसँग सहकार्य गरिनेछ।

**(५०४०) पञ्जिकरण व्यवस्थापन**

१( पञ्जिकरण कामहरुलाइ ब्यबस्थित गर्न कर्मचारीको ब्यबस्थापन स्रोत र साधनको उचित व्यवस्थापन गरिने छ।

२( पञ्जीकरणका कामहरुलाई मोबाइल एप्लिकेशन मार्फत अनलाइनबाट सेवाप्रवाहको ब्यवस्था मिलाइनेछ ।

३( सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई वैकिङ प्रणालीमार्फत वितरणका लागि संघीय सरकारको नीति रहेकोमा उक्त नीतिले यस नगरपालिकाका सवै वडामा यातायातको सुविधा नरहेको कारण लाभान्वित वर्गले समस्या झेलीरहेको अवस्थामा उक्त कार्यलाई अझै थप सरल र सहज रुपमा वितरण गर्न बैक तथा वित्तीय संस्थासँग समन्वय गरी वितरण गर्ने नीति लिईनेछ।

**(५०५०) स्थानीय तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन**

१( नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि पूर्वाधार विकास तथा अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै लगिनेछ।

२( मंगलसेन नगरपालिकाको पाश्वचित्र तयार भैसकेको र सोही बमोजिम पञ्चवर्षिय योजना र बिपद व्यवस्थापन योजना तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ।

३( १४ वटै वडा कार्यालयहरुमा कर्मचारी सहित व्यवस्थित अभिलेख व्यवस्थापन गरिनेछ ।

**(५०६०) सुशासन र प्रवर्द्धन**

१( नगरपालिकाको प्रशासनिक तथा साँगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्तदुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी बनाउदै अत्यावश्यक रिक्त पदहरुमा उपयुक्त प्रकृयाबाट पदपूर्ति गरिनेछ।

१( सवै कर्मचारीहरुको कार्यविवरण तयार गरी लागु गरिनेछ।

२( उत्कृष्ट काम गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, संचारकर्मी, टोल विकास समितिलाई पुरस्कृत गर्ने पद्धतीको विकास गरी यसलाई निरन्तरता दिईनेछ।

३( मंगलसेन नरपालिकाको कार्यसम्पादन तथा कार्य विभाजन नियमावली २०७४को पूर्ण पालानामा जोड दिईनेछ।

४( सरकारी एवं गैरसरकारी क्षेत्रबाट नगरक्षेत्रमा संचालन गरिएका योजना तथा कार्यक्रमहरुको प्रभावकारी रुपमा संचालनका लागि नतिजामुखी अनुगमन मूल्याङ्कन प्रणाली विकास गरिनेछ ।

**(५०७०) अनुसन्धान र विकास**

१( घर जग्गा अभिलेखीकरण र नक्सा पासलाई गर्ने कार्यलाई सवै बडाहरुमा विस्तार गरिनेछ ।

२( मंगलसेन गौरबका ठुला आयोजनाहरुको संभाब्यता अध्ययन र लागत अनुमान तयार गरि नगरपालिकाको स्रोतले धान्ने आयोजना नगरपालिका आफैले कार्यान्वयन गर्ने र नगरपालिकाको स्रोतले धान्न नसक्ने आयोजना प्रदेश सरकार र केन्द्र सरकार संगको साझेदारीमा संचालन गरिने छ ।

**(५०८०) अन्य**

३( आन्तरीक आयमा बृद्धि गर्नका लागी कर सम्बन्धी एकिकृत कानुन तर्जुमा गरि राजश्व सकलन सहज, सरल र दायरा फराकिलो बनाई सर्वसुलभ बनाउने र करदातामैत्री वातावरण तयार गरिनेछ।

४( आन्तरीक आय वृद्धि गर्नका लागि राजश्वका/करका बिभिन्न क्षेत्रहरुको पहिचान गरिनेछ।

५( फोहरमैला व्यवस्थापन बापत मंगलसेन नगरपालिकाको वडा न ५ को बजारक्षेत्रका प्रत्येक घरधुरी, संघसंस्था, कार्यालय, व्यापारिक पसललाई सरसफाई शुल्क लगाईनेछ।

६( टेलिफोन टावर, केवल लाईन र होडिङबोर्डमा प्रशारण हुने विज्ञापनमा कर लगाईनेछ।

७( एकीकृत सम्पत्तीकरलाई विस्तार गरी पूर्णरुपमा लागु गरिनेछ ।

८( नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरहरुलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्वन्धित सरोकारवाला निकायहरुसँग सहकार्य गरिनेछ।

९( राजश्व शाखालाई आधुनिकीकरण गर्दै सुदृढ र व्यवस्थित गर्दै लगिनेछ ।

## आदरणीय उपस्थित दाजुभाई तथा दिदिबहिनीहरु ।

बार्षिक नीति तथा कार्यक्रम तयार गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भई उल्लेखनीय सहयोग गर्नु हुने नगर कार्यपालिकाका सदस्यज्यूहरू, **नगर सभाका सदस्य ज्यूहरु** शिक्षक, बुद्धिजिवीलाई विशेष धन्यवाद दिन चाहन्छु । **यो नीति**

तथा कार्यक्रम तयार पार्न अहोरात्र खटिई सहयोग गर्नु हुने नगरपालिकाका सम्मपुर्ण कर्मचारीहरुलाइ धन्यवाद दिन चाहन्छु । यस प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने र हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

**अन्त्यमा**,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी प्रमुख अतिथिका रूपमा उपस्थित हुनुभई यस नगरपालिकाको आ.ब. ०७५/०७६ को बार्षिक नीति तथा कार्यक्रम सार्वजिनकिकरण समारोहमा उपस्थित प्रमुख अतिथि विशिष्ट अतिथि राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, सम्पूर्ण कार्यालय प्रमुखज्यूहरू, सरकारी, निजी र गैरसरकारी क्षेत्रका लब्ध प्रतिष्ठित आमन्त्रित अतिथिज्यूहरु, पत्रकारज्यूहरु लगायत उपस्थित सवैमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनको निम्ति यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रूपमा लिएर मंगलसेन नगरपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरू सबैको सहयोग निरन्तर रहने अपेक्षा गर्दछु ।

**धन्यवाद १**

<u>प्रमाणितगर्ने</u>

. . . . . .

(पदम बोहरा)

नगरप्रमुख